## नयाँ बचत खाता सञ्चालन सम्बन्धी प्रेस विज्ञप्ती :

प्रभु बैंक लिमिटेडले निक्षेपका ग्राहकहरुलाई अधिकतम लाभ प्रदान गर्ने उद्देश्यले मिति २०७१ माघ १८ गतेदेखि Prabhu Smile Savings नामको नयाँ बचत खाता सञ्चालनमा ल्याएको छ। न्यूनतम मौज्दात रकम रु. ५०,०००।- मा खोल्न सकिने उक्त Prabhu Smile Savings खाताका ग्राहक महानुभावहरुले त्रैमासिक रुपमा भुक्तानी हुने गरी वार्षिक ५% का दरले दैनिक मौज्दात रकमका आधारमा ब्याज प्राप्त गर्नुका साथै देहाय बमोजिम थप सुविधाहरु प्राप्त गर्न सक्नुहुनेछ।

१. लकर शुल्कमा २५% छुट सुविधा,

२. लकर सेवा लिनको लागि खातामा थप सुरक्षित रकम राख्न नपर्ने सुविधा,

३. ट्राभल कार्ड जारी गर्दा लाग्ने शुल्कमा १००% छुट सुविधा,

४. रु. २५,०००।- सिमा सम्मको क्रेडिट कार्डको लागि स्वत: योग्य हुने सुविधा,

५. क्रेडिट कार्ड जारी गर्दा लाग्ने शुल्कमा १००% छुट सुविधा,

६. डेबिट कार्ड जारी गर्दा लाग्ने शुल्कमा ५०% छुट सुविधा।

प्रभु बैंकले सञ्चालनमा ल्याएको उक्त निक्षेप योजनाले प्रस्ताव गरेको वार्षिक ५% ब्याजदर नेपालका वाणिज्य बैंकहरुले बचत खातामा प्रदान गरेको ब्याजदर मध्ये तुलनात्मक रुपमा अधिकतम रहेको हुँदा उक्त निक्षेप योजनाबाट समस्त ग्राहक महानुभावहरु लाभान्वित हुनुहुनेछ भन्ने बैंकले विश्वास लिएको छ।

धन्यवाद !

मिति २०७१/१०/२० गते